# "नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम संचालन कार्यविधि २०७५"

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर) मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

सचिव

**"नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम संचालन कार्यविधि २०७५"**

(प्रदेश सरकार मन्त्रीस्तरीय मिति २०७५/०८ /१७ को निर्णयबाट स्वीकृत)

**पृष्ठभूमि**

प्रदेश सरकार, प्रदेश नं १ ले प्रदेश सम्बृद्धिका लागि प्रमुख प्राथमिकता प्राप्त क्षेत्रको रुपमा कृषि क्षेत्रलाई तोकेको तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खाद्यान्न आत्मनिर्भरता, निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनलाई प्रमुख रणनीतिको रुपमा अंगीकार गरेको परिप्रेक्ष्यमा हिउँदे मकै खेती क्षेत्र विस्तार गर्न, बाँझो खेत राख्ने चलन निरुत्साहित गर्न तथा सामूहिक खेती तर्फ अग्रसर गराउन नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम स्विकृत भएको छ । उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन तथा कार्यान्वयन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि यस **नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम संचालन कार्यविधि, २०७५"** तयार गरिएको छ ।

परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम **"नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम संचालन कार्यविधि,२०७५"** रहेकोछ।

(ख) यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२.उद्देश्यः

यस कार्यविधिको उद्देश्य देहाय वमोजिम रहेको छः–

(क) हिउँदे मकै खेतीको क्षेत्रफल विस्तार मार्फत खाद्यान्न वालीको उपलब्धतामा बृद्धि गर्ने ।

(ख) बाँझो खेत राख्ने प्रचलनलाई निरुत्साहित गर्ने ।

(ग) मकै आयात न्यूनिकरण गर्दै जाने ।

परिच्छेद २

**३. कार्यक्रम संचालन प्रकृया :**

**३.१ कार्यक्रम संचालन क्षेत्र छनौट :**

- यो कार्यक्रम प्रदेश नं १ अन्तर्गत झापा, मोरङ्ग तथा सुनसरी जिल्लामा संचालन गरिनेछ ।

- कृषि ज्ञान केन्द्रले हिउँदे सिजनमा जग्गा बाँझो रहने मकैको व्यवसायिक खेतीको सम्भावना भएका क्षेत्रहरु पहिचान गरी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह/वडा/क्षेत्र निक्यौंल गरी ती क्षेत्रमा कार्यक्रम संचालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ । व्यवसायिक रुपमा मकै खेती भएका क्षेत्रहरु छनौटमा सहभागी गराउन पाईने छैन ।
- यसरी स्थानीय तह/वडा/क्षेत्र छनौट गर्दा प्रति स्थानीय तह/वडा/ क्षेत्र न्यूनतम २० हे. मकै खेती विस्तार गर्न सकिने हुनुपर्छ ।

**३.२ कार्यक्रम संचालनका लागि जातको छनौट :**

- सो क्षेत्रमा हिउँदे मकैका लागि सूचिकृत तथा उन्मोचित जातहरु छनौट गर्नु पर्नेछ ।
- नेपालमा उन्मोचित उन्नत तथा वर्णशंकर जातहरुलाई कार्यक्रम संचालनका लागि प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्नु पर्नेछ ।
- कार्यक्रम संचालनका लागि छनौट भएका जातहरुका सम्बन्धमा सो को जानकारी अग्रीम रुपमा गराउनु पर्नेछ ।

**३.३ कार्यक्रम संयोजक तथा निजको दायित्व :**

- यस कार्यक्रम संचालनको संयोजकको भूमिका सम्बन्धित ज्ञान केन्द्रहरुमा कार्यरत वाली विकास अधिकृत वा निज नभए कृषि ज्ञान केन्द्र प्रमुखले तोकेको कर्मचारीले संयोजकको भूमिका निर्वाह गर्ने छन् ।
- संयोजकले सो कार्यक्रम संचालन, अनुगमन, मुल्याङ्कन, समस्या समाधान तथा अभिलेख व्यवस्थापन गर्नु पर्नेछ ।

**३.४ कार्यक्रम संचालन प्रकृया:**

**३.४.१ सूचना प्रवाह:**

कार्यक्रममा सहभागि हुन ईच्छुक कृषक समूह, सहकारी तथा कृषकहरुलाई कार्यक्रम संचालन हुने क्षेत्र, सूचीकृत जात समेत खुलाई ३० दिने सूचना स्थानीय संचार माध्यम, स्थानीय तह कृषि शाखाबाट अधिकतम किसान घरधुरीलाई समेटने गरी सूचना प्रवाह गर्नुपर्नेछ ।

**३.४.२ आवेदन :**

कार्यक्रममा सहभागि हुन ईच्छुक कृषक समूह, सहकारी तथा कृषकहरुले अनुसूची २ बमोजिम आवेदन पेश गर्नु पर्नेछ । आवेदनका साथमा अनुसूची ३ बमोजिमको विवरण अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**३.४.३ कार्यक्रम छनौटका आधारहरु :**

कार्यक्रम लागू भएका क्षेत्रहरुबाट सूचिकृत समुह, सहकारी तथा कृषकहरुमध्ये तपसिल बमोजिमको आधारमा छनौटमा प्राथमिकता दिईनेछ ।



सचिव

समूह/ सहकारीको सन्दर्भमा

| क्र.स | छनौटका आधार | अंकभार | |
|---|---|---|---|
| १ | समूह सहकारीमा समावेशिकरणको अवस्था | महिला सहभागिता ५०% वा सो भन्दा कम | महिला सहभागिता ५०% भन्दा बढी |
| | | १० | २० |
| २ | बजार सुनिश्चतताको करार ब्यवस्था | नभएको | भएको |
| | | ० | ४० |
| ३ | मकै खेती Clustering गरी गरिने भए | जग्गा चक्लाबन्दी नभई प्रस्ताव आएमा | जग्गा चक्लाबन्दी गरेर प्रस्ताव आएमा |
| | | ० | ४० |

**कृषक तथा निजी उद्यमी**

कार्यक्रम संचालनको लागि छनौट भएका क्षेत्रका कृषक तथा निजी उद्यमीको सन्दर्भमा, बाँझो जग्गाको सदुपयोग हुने भएमा कम्तिमा ०.३ हे. (१० कठ्ठा) जग्गामा मकै खेती गरेकाहरुलाई प्रोत्साहित गरिनेछ । बजार सुनिश्चतताको करार गरेका कृषक तथा निजी उद्यमीलाई प्राथमिकता दिईने छ ।

**३.५ कार्यक्रम बजेट व्यवस्थापन :**

कार्यक्रम संचालनका लागि प्रदेश सरकारवाट कृषि ज्ञान केन्द्रमा बजेटको व्यवस्था गरिने छ । उक्त बजेट मध्ये ५ प्रतिशत कन्टिनजेन्सी रकम छुट्टयाई कार्यक्रम संचालनको प्रशासनिक र अनुगमन मुल्याङ्कनमा खर्च गरिने छ।

**३.६ कार्य संचालन**

**३.६.१** छनौटमा परेका कृषि सहकारी संस्था, समूह तथा कृषकहरुलाई कृषि ज्ञान केन्द्रले लिखित रुपमा **अनुसूची ४** बमोजिम क्षेत्रफल तथा जात खुल्ने गरी मकै खेती गर्न कार्यदिश दिनेछ ।

**३.६.२** कार्यदिश प्राप्त भए पछि सम्बन्धित लाभग्राहीहरुले स्वतन्त्र रुपमा तोकिएको वीउ तथा कृषि सामाग्री खरिद गरी मकै खेती गर्नु पर्नेछ ।

**३.६.३** यस कार्यविधि बमोजिम हिउँदे मकै खेती क्षेत्र विस्तार नगद प्रोत्साहन प्राप्त गर्न,

- मकै लाईनमा रोप्नु पर्नेछ ।
- सिफारिस मात्रामा वीउको प्रयोग गर्नुपर्ने छ ।
- मकैमा सिफारिश मात्रामा मलखाद प्रयोग गरी सिंचाई तथा गोडमेल गरेको हुनु पर्नेछ ।

- निरीक्षणको क्रममा प्राविधिकले सिफारिश गरेका सुझावहरु अवलम्वन गर्नु पर्नेछ ।
- संभव भएसम्म रोपेको मकैको बीमा गराउनु पर्नेछ ।

३.६.४ यो कार्यक्रम एउटै क्षेत्रमा ३ वर्षभन्दा बढी अवधिमा संचालन गरिने छैन ।

**३.७ बजेट, नगद प्रोत्साहन रकम र प्रक्रिया**

नगद प्रोत्साहनको रकम तथा प्रक्रिया देहाय बमोजिम हुनेछ ।

- हिउँदे मकै खेती क्षेत्र विस्तार वापत नगद प्रोत्साहन रकम प्रति हे. रु.१५,००० हुनेछ ।
- नगद प्रोत्साहनको प्रवाह कृषि ज्ञान केन्द्रमा कार्यरत कृषि प्राविधिकले स्थलगत निरीक्षण गरी मकै खेती गरिएको क्षेत्रफल एकिन गरी प्रतिवेदन प्राप्त भएपछि गरिने छ ।क्षेत्र एकिन गर्न क्षेत्रफल मापन गर्ने जि. पि. एस. उपकरण तथा वीउ खरिद रसिदलाई आधार मानिने छ । नगद प्रोत्साहन रकम मकै Knee height stage को भएपछि अनुगमन गरी उपलब्ध हुनेछ ।
- नगद प्रोत्साहन रकम समूह तथा सहकारीको हकमा बैंक खाता मार्फत भुक्तानी गरिने छ साथै समूह तथा सहकारीले कृषक सदस्यलाई हिउँदे मकै खेती क्षेत्र विस्तार वापत नगद प्रोत्साहन रकम वितरण कृषि ज्ञान केन्द्रका प्रतिनिधिको रोहवरमा हुनेछ र वितरणको भर्पाई अनिवार्यरुपमा कृषि ज्ञान केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।
- नगद प्रोत्साहन रकम समूह तथा सहकारीलाई भुक्तानी गर्नु पूर्व अनुदान रकम सहित अनुदानग्राहीको विवरण कार्यालयमा टाँस गरी स्थानीय संचार माध्यमबाट जानकारी गराउनु पर्नेछ । दावी विरोधका लागि स्थानीय संचार माध्यमबाट सूचना प्रवाह भएको मितिबाट लागू हुने गरी ७ (सात) दिन समय दिनु पर्नेछ ।
- निर्धारित समयभित्र दावी विरोध भएमा सम्बन्धित ज्ञान केन्द्रका प्रमुख, सम्बन्धित कृषक/कृषक समूह/कृषि सहकारी संस्थाका प्रतिनिधि तथा स्थानीय तह कृषि शाखाको प्राविधिक कर्मचारी सहित ३ (तीन) सदस्यीय छानविन समितिले स्थलगत निरिक्षण गरी निर्क्योल गर्नेछ ।

## परिच्छेद ३

४. अनुगमन तथा मूल्यांकन व्यवस्था : भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट आवश्यकता अनुसार एवं कृषि विकास निर्देशनालय तथा कृषि ज्ञान केन्द्रहरुबाट नियमित अनुगमन गरिने छ ।

५. कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड तयार गरी अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरी राखेको हुनु पर्नेछ ।

६. कार्वाहीको व्यवस्था : अनुदान प्राप्त कृषक समूह, कृषि सहकारी तथा कृषकहरुले कार्यविधि बमोजिम कार्य सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिने छ ।

७. प्रचलित कानून लागू हुने :यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यबिधि बमोजिम कार्यान्वयन हुनेछ ।



सचिव

## अनुसूची १

### नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रमको सूचनाको ढाँचा

प्रदेश सरकार, प्रदेश नं १ अन्तरगत स्थापित कृषि ज्ञान केन्द्र ........................ को आ. व. ..................... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बाँझो खेत राख्ने प्रचलनलाई निरुत्साहित गर्दै खाद्यान्न वालीमा आत्मनिर्भर हुन **नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम संचालन कार्यविधि २०७५** अनुरुप हिउँदे मकै खेती विस्तार गर्न प्रति हे. रु. १५००० प्रोत्साहन अनुदानको व्यवस्था सहित नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम रहेको हुँदा.......................................................................................... जातहरुको खेती गर्न इच्छुक यस कार्यक्रम लागू भएका ........................................................................................ स्थानीय तह/ वडाहरुका कृषि सहकारी, कृषि समूह, नीजि उद्यमी तथा कृषकहरुबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन भित्र यस ज्ञान केन्द्रमा तोकिएको ढाँचामा तपसिल बमोजिमका कागजात संलग्न गर्दै दरखास्त पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

१. अनुसूची २ अनुसारको आवेदन फारम ।
२. समूह, सहकारीको दर्ता तथा नवीकरणको प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।
३. बजार करार गरेको भए सो को प्रतिलिपि ।
४. अनुसूची ३ बमोजिमको संक्षिप्त विवरण फारम ।
५. समूह तथा सहकारीको हकमा स्थानीय तहको सिफारिश ।
६. निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी ।
७. जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपी / जग्गा भाडामा लिएको भए सो को प्रमाण/ सार्वजनिक जग्गा भए स्थानिय तहको सिफारिस ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची २

**नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रममा संलग्न हुन दिइने निवेदनको ढाँचा**

श्रीमान प्रमुख ज्यू
कृषि ज्ञान केन्द्र, ...................................

**विषय : नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रममा सहभागी हुन पाउँ भन्ने वारे ।**

उपरोक्त विषयमा ..........................................................................................कृषक/निजी उद्यमी/ कृषक समूह/ कृषि सहकारी **नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम संचालन कार्यविधि,२०७५** अनुरुप हिउँदे मकै खेती विस्तार गर्न इच्छुक रहेको हुँदा तपसिल बमोजिमका कागजात संलग्न राखी कार्यक्रममा सहभागी गराईदिनुहुन अनुरोध गर्दछु ।

तपसिल

१. अनुसूची ३ अनुसारको संक्षिप्त विवरण फारम ।
२. समूह, सहकारीको दर्ता तथा नवीकरणको प्रतिलिपि तथा बैठकको निर्णयको प्रतिलिपि ।
३. बजार करार गरेको भए सो को प्रतिलिपि
४. स्थानीय तह कृषि शाखाको सिफारिश

निवेदक
कृषक/निजी उद्यमी/ कृषक समूह/ कृषि सहकारीको नाम तथा ठेगाना :
निजी उद्यमी/ कृषक समूह/ कृषि सहकारीको प्रोपराईटरको नाम :
संस्थाको छाप
दस्तखत :
ठेगाना :

अनुसूची ३

**नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रमको संक्षिप्त विवरण फारम**

**१) सामान्य विवरण**

कृषक/निजी उद्यमी/ कृषक समूह/ कृषि सहकारीको नाम तथा ठेगना :
निजी उद्यमी/ कृषक समूह/ कृषि सहकारीको प्रोपराईटरको नाम :

ठेगाना :

सम्पर्क मोवाईल नं

खेती गर्ने ठेगाना तथा क्षेत्रफल :

सो क्षेत्रको वाली प्रणाली :

**२) समूह तथा सहकारीको प्रोफायल:**

**क) समूह/सहकारीको सामाजिक तथा लैङ्गिक विवरण**

| क्र. सं. | समूह/सहकारीको नाम तथा ठेगाना | समूह/ सहकारीमा लैङ्गिक विवरण | | समूह/ सहकारीमा समावेशिकरणको अवस्था | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | अन्य | आदिवासी/ जनजाति | दलित | मधेशी/ मुस्लिम | |
| | | | | | | | | |

**ख) समूह/सहकारीमा हितकोष तथा निक्षेप संकलन :**

| क्र. सं. | समूह/सहकारीको नाम तथा ठेगना | समूह/सहकारी दर्ता तथा नवीकरण मिति | जम्मा हितकोष तथा निक्षेप संकलन | हितकोष / निक्षेप परिचालन | हितकोष / निक्षेप परिचालन भएका क्षेत्रहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

सचिव

ग) कार्यक्रममा सहभागी हुने कृषक तथा क्षेत्रफल

| क्र. सं. | सदस्यको नाम | ठेगाना | जम्मा जग्गाको क्षेत्रफल (कठ्ठा) | हिउँदे मकै खेती गरिने क्षेत्रफल (कठ्ठा) | जात | जग्गाको स्वामित्व (आफ्नै, अधिया, भाडामा लिएको आदि) | सिँचाईको स्रोत | हिउँदे समयमा पहिला लगाउने गरिएको वाली तथा क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. जग्गा चाक्लाबन्दी/Clustering भए सो को विवरण :

| क्र. सं. | क्लष्टरीङ्ग भई हिउँदे मकै खेती भएको स्थान | क्लष्टरीङ्ग भई खेती भएको क्षेत्रफल | जात | जम्मा सदस्य संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

४. मकै उत्पादन बजारिकरण सम्बन्धी विवरण :

मकै उत्पादन बजारीकरणको अवस्था तथा बजारिकरणका लागि भएका प्रयास

- 
- 
- 

सचिव

अनुसूची ४

नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रमको कायदिशको नमूना

विषय: कार्यदिश दिएको वारे ।

श्री अध्यक्ष/ प्रोपराईटर/कृषक ................................................................. ज्यू
..........................................................................................................................
...................................................... ।

तपाई तथा .......................................................................लाई नगद प्रोत्साहनमा आधारित हिउँदे मकै खेती क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत नेपालमा सूचिकृत तथा उन्मोचित मकै वालीको .................................. जातको ...................................................... क्षेत्रफलमा तपसिल बमोजिमको शर्तमा रही खेती गर्न यो कार्यदिश दिएको छ ।

तपसिल

कृषकले पालना गर्नु पर्ने शर्तहरु

- मकै लाईनमा रोप्नु पर्नेछ ।
- सिफारिस मात्रामा वीउको प्रयोग गर्नुपर्ने छ ।
- मकैमा सिफारिश मात्रामा मलखाद प्रयोग गरी सिंचाई तथा गोडमेल गरेको हुनु पर्नेछ ।
- निरीक्षणको क्रममा प्राविधिकले सिफारीस गरेका सुझावहरु अवलम्वन गर्नु पर्नेछ ।
- निरीक्षण तथा भुक्तानी नभईन्जेलसम्म वीउ खरिद बील सुरक्षित राखु पर्नेछ ।

कृषकले प्राप्त गर्ने नगद प्रोत्साहन

- हिउँदे मकै खेती विस्तार गर्न प्रति हे. रु. १५,००० प्रोत्साहन अनुदान खुद प्राप्त हुने।

.......................................
प्रमुख
कृषि ज्ञान केन्द्र

सचिव